स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शिक्षा,युवा तथा खेलकुद शाखा

Green Ilam

पत्र संख्या: ०७७/७८ १ नं.प्रदेश,नेपाल

चलानी नः ४०२८

मितिः २०७८/०२/१७

विषयः शिक्षकको छुट प्राविधिक ग्रेड सम्बन्धमा।

श्री सबै सामुदायिक विद्यालयहरु तथा सरोकारवाला शिक्षकहरु,
इलाम नगरपालिका, इलाम।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं. २०० मिति २०७८/०२/०९ को प्राप्त पत्रबमोजिम **२०७३ साल श्रावण यता कार्यरत रहेका वा सेवा निवृत शिक्षकहरुको छुट प्राविधिक ग्रेड** वापतको सुविधाका लागि तपसिलबमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

**१. कार्यरत शिक्षकहरुले देहायका कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिनुहुनः**

क. हाल कार्यरत रहेको तहमा वि.सं. २०५७/०४/०१ भन्दा अगाडि नै स्थायी भएको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

ख. वि. सं. २०५७/०४/०१ भन्दा अगाडि नै सम्बन्धित तहको लागि आवश्यक पर्ने तालिम प्राप्त भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

**२. २०७३ साल श्रावण महिना यता सेवा निवृत शिक्षकहरुले देहायका कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिनुहुनः**

क. सेवा निवृत भएको तहमा वि.सं. २०५७/०४/०१ भन्दा अगाडि नै स्थायी भएको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

ख. वि. सं. २०५७/०४/०१ भन्दा अगाडि नै सम्बन्धित तहको लागि आवश्यक पर्ने तालिम प्राप्त भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

ग. अवकाश पत्रको प्रमाणित प्रतिलिपि,

घ. निवृत्तभरण अधिकार पत्रको प्रमाणित प्रतिलिपि,

**३. विद्यालयले देहाय अनुसार गर्नु गराउनु हुनः**

क. सम्बन्धित शिक्षकहरुबाट प्राप्त कागजातहरु रुजु र प्रमाणित गरी कार्यरत शिक्षकहरुको हकमा आर्थिक वर्ष २०७३/०७४ देखि २०७६/०७७ सम्मको प्रति महिना २ ग्रेड (एक दिनको तलब बराबर एक ग्रेड हुने) वापतको रकम प्रस्ताव गरी निकासाका लागि माग फारम पेश गर्ने र आर्थिक वर्ष २०७७/०७८ को हकमा चौथो त्रैमासिक माग फारमको साथमा निकासा माग गर्ने।

ख. सेवा निवृत शिक्षकहरुको हकमा २०७३ साल श्रावण महिनादेखि सेवा निवृत हुनु अघि सम्मको प्रति महिना २ ग्रेड (एक दिनको तलब बराबर एक ग्रेड हुने) वापतको रकम प्रस्ताव गरी निकासाका लागि माग फारम पेश गर्ने।

ग. २०७१ साल श्रावण महिनादेखि नै प्राविधिक ग्रेड कटौती भएको दाबी गर्ने शिक्षकहरुको हकमाः माथि उल्लेखित कागजातका अतिरिक्त आर्थिक वर्ष २०७०/०७१ को तेस्रो चौमासिक माग फारमको प्रतिलिपि र तलबी भर्पाई तथा २०७१ श्रावणदेखि २०७३ आषाढ सम्मको माग फारम र तलबी भर्पाईको प्रतिलिपि सहितको विवरण पेश गर्नुपर्नेछ।

घ. विद्यालयबाट प्राप्त कागजातहरु रुजु गरी आवश्यक पर्ने थप रकम चालु आर्थिक वर्षमा नै निकासाका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरमा पठाउनु पर्ने भएको हुँदा मिति २०७८/०२/३१ गतेभित्रमा यस कार्यालयमा उपलब्ध गराईदिनु हुन।

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनुहुन।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत स्तर दशौं)